आज मिति २०८१ साल जेठ १८ गते शुक्रबार दिनको ३:१५ बजे सिलिचोङ गाउँपालिकाको सभाहलमा यस सिलीचोङ गाउँपालिकाको अध्यक्ष श्री भूपालराज राईको अध्यक्षतामा सिलीचोङ गाउँपालिका र साल्पासिलिछो गाउँपालिकाको अन्तरपालिका स्तरीय बैठक बसी निम्नानुसारको निर्णय गरियो ।

उपस्थिति

| क्र.सं. | नाम | पद | कार्यालय | सम्पर्क नं | हस्ताक्षर |
|---|---|---|---|---|---|
| १ | भूपालराज राई | अध्यक्ष | सिलीचोङ गाउँपालिका | ९८५११००२०९ | |
| २ | दौलथ कुलुङ | अध्यक्ष | साल्पासिलिछो गाउँपालिका | ९८५११८६४६७ | |
| ३ | गणेश राई | वडाध्यक्ष | सिलीचोङ गाउँपालिका | | |
| ४ | मोहनशमशेर राई | वडाध्यक्ष | सिलीचोङ गाउँपालिका | ९८४४४०५८१६ | |
| ५ | प्रतापसिंह तामाङ | वडाध्यक्ष | सिलीचोङ गाउँपालिका | ९७४२८३३५३० | |
| ६ | देवेन्द्र राई | वडाध्यक्ष | सिलीचोङ गाउँपालिका | | |
| ७ | ईश्वर राई | वडाध्यक्ष | सिलीचोङ गाउँपालिका | | |
| ८ | गणेश बुढाथोकी | वडाध्यक्ष | साल्पासिलिछो गाउँपालिका | ९८०३८९८५०९ | |
| ९ | गणेश खत्री | वडाध्यक्ष | साल्पासिलिछो गाउँपालिका | ९८१९३९९४१८ | |
| १० | बाबुनन्दन मेहता | प्र.प्र.अ. | सिलीचोङ गाउँपालिका | | |
| ११ | अनिस काफ्ले | प्र.प्र.अ. | साल्पासिलिछो गाउँपालिका | ९८४२१०८२९४ | |
| १२ | भद्रबहादुर राई | अधिकृत | सिलीचोङ गाउँपालिका | | |
| १३ | टिकाराम सुनुवार | प्रमुख | प्रहरी चौकी, ताम्कु | ९८५२५१०१५८ | |
| १४ | नरभूपाल राई | प्रतिनिधि | नेपाल रेडक्रस सोसाइटी, ताम्कु | ९८४२१०७७६५ | |
| १५ | दिलिप राई | | साल्पासिलिछो गाउँपालिका | ९८६३५१४२९४ | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

प्रस्तावहरु

१. छब्बिसे पुलदेखि दुङमा भिरसम्म बाटो निर्माण सम्बन्धमा ।
२. सदरमुकाम खाँदबारी सँग जोड्ने जोड्ने एकमात्र मार्गको आवातजावतलाई सहज बनाइ दिन खाँदबारी नगरपालिकालाई अनुरोध गर्ने सम्बन्धमा ।
३. बेलिब्रिज निर्माण कार्यमा सहजिकरण सम्बन्धमा ।
४. दोहोरो कर संकलन भइरहेको भन्ने गुनासो सम्बोधन सम्बन्धमा ।
५. Guras Hydropower बाट प्राप्त हुने सामाजिक उत्तरदायित्व र रोयल्टी बाँडफाट सम्बन्धमा ।

निर्णयहरु

**निर्णय नं १ :** प्रश्तावन नं १ माथी छलफल गर्दा छब्बिसे पुलदेखि दुङमा भिर हुदै बुधबारे जाने सडक निर्माणको लागि दुबै गाउँपालिकाको समन्वयमा मापदण्ड बमोजिम ड्रईङ डिजाईन तथा लागत अनुमान तयार गरि सडक निर्माण सहयोगको लागि Happy Energy, Guras Hydropower, Matribhumi Hydropower लाई अनुरोध गर्ने सर्वसहमतिले निर्णय गरियो ।

**निर्णय नं २ :** प्रश्तावन नं २ माथी छलफल गर्दा संखुवासभा जिल्लाको सदरमुकाम खाँदबारी सँग जोड्ने एकमात्र बाटोमा पर्ने अरुण नदीको झोलुङ्गे पुल जोड्ने खाँदबारी तर्फको बाटो एकदमै बिग्रिएको कारण दुर्घटनाको हुने अत्यन्तै जोखिम रहेकोले उक्त बाटो तत्काल निर्माण गरी सिलीचोङ गाउँपालिका र साल्पासिलिछो गाउँपालिका जोड्ने एकमात्र मार्गको आवातजावतलाई सहज बनाइ दिन खाँदबारी नगरपालिकालाई अनुरोध गर्ने सर्वसहमतिले निर्णय गरियो ।

**निर्णय नं ३ :** प्रश्तावन नं ३ माथी छलफल गर्दा साल्पासिलिछो गाउँपालिका र सिलीचोङ गाउँपालिका जोड्ने संखुवाखोलामा सिलीचोङ गाउँपालिकाबाट बेलीब्रिज निर्माण भइरहेकोले उक्त बेलीब्रिज निर्माण कार्य निर्धारित समयमै सम्पन्न गर्न दुवै पालिकाको तर्फबाट आवश्यक समन्वय, सहजिकरण गर्ने सर्वसहमतिले निर्णय गरियो ।

**निर्णय नं ४ :** प्रश्तावन नं ४ माथी छलफल गर्दा भौगोलिक रुपले विकट रहेको यस सिलीचोङ गाउँपालिका क्षेत्रबाट विभिन्न सामाग्रीहरु अन्यत्र निर्यात हुँदा सिलीचोङ गाउँपालिका र साल्पासिलिछो गाउँपालिका दुवैले व्यावसायीहरुसँग कर लिने गरेको कारण व्यावसायीहरु मारमा परी पलायन हुने स्थिति भएको भनी जनगुनासो आइरहेकोले सो सम्बन्धमा सम्बन्धित गाउँपालिकाको उत्पादनको निकासीमा समबन्धित गाउँपालिकाले नै कर लिने तर सम्बन्धित गाउँपालिकाबाट निकासी हुने बस्तुहरुमा कर असुल नभएको पाईएमा कर संकलन बिन्दुमा निकासी कर संकलन गरि एउटै निकासीमा दोहोरो कर संकलन नहुने व्यबस्था मिलाउने सर्वसहमतिले निर्णय गरियो ।

**निर्णय नं ५ :** प्रश्तावन नं ५ माथी छलफल गर्दा Guras Hydropower बाट प्राप्त हुने सामाजिक उत्तरदायित्व र रोयल्टी बाँडफाटका विषयमा अर्को बैठका छलफल गर्ने सर्वसहमतिले निर्णय गरियो ।